## आ.व . २०७९/८० को अठारौं कार्यपालिका बैठक

आज मिति २०८०।०१।१२ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष श्री प्रकाश विष्टको अध्यक्षता तथा तपशिल बमोजिमका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बस्यो। बैठकका उपस्थिति र निर्णयहरु यसप्रकार छन्।

**उपस्थिति**

| | | |
|---|---|---|
| अध्यक्ष | श्री | प्रकाश बिष्ट. राप्ती गाउँकार्यपालिका। |
| उपाध्यक्ष | श्री | कमलापती चौधरी. राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | गेमे खड्का, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | पहलवान चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | उमेश अधिकारी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | विर वहादुर चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | देव प्रसाद चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | दीपक कुमार चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | सिताराम चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | चन्द्र वहादुर गुरुङ, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | रिम बहादुर सुनारी, मगरराप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | पार्वती सुवेदी. राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | चम्फा भुसाल, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | रण बहादुर फुजाली सार्की , राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | गिता चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | सावित्री चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | संजिव परियार, राप्ती गाउँकार्यपालिका। |
| सदस्य सचिव | श्री | नेब बहादुर वली , राप्ती गाउँपालिका। |

**आमन्त्रित**

श्री जीवराज पौडेल, पशु विकास अधिकृत

श्री धन प्रसाद शर्मा, लेखा अधिकृत

श्री विश्वास विक,शाखा अधिकृत

श्री विकास ज्ञवाली, अधिकृत ( प्रशासन सेवा )

श्री सिमा भट्ट, प्रा.स.

श्री तुल ब कँवर

श्री बालचन्द्र गुरुङ

श्री सरिता पौडेल

अठारौं कार्यपालिका बैठकका प्रस्तावहरु

प्रस्ताव नं १ कक्षा थप अनुमतिको विषय

प्रस्ताव नं २ दरबन्दी मिलान

प्रस्ताव नं ३ प्रधानाध्यापक व्यवस्थापन / कार्य सम्पादन करार

प्रस्ताव नं ४ सामुदायिक विद्यालयको नतिजा र गुणस्तर सुधार

प्रस्ताव नं ५ सामुदायिक विद्यालयका शिक्षकको संस्थागत विद्यालयमा लगानी

प्रस्ताव नं ६ विद्यालयका शिक्षकहरुको विभिन्न संघसस्थाका पदाधिकारीमा रहने नरहने

प्रस्ताव नं ७ अभिभावक शिक्षा र सम्मेलन

प्रस्ताव नं ८ साक्षरता अभियान

प्रस्ताव नं ९ संस्थागत विद्यालयको छात्रवृत्ति सम्बन्धमा

प्रस्ताव नं १० शिक्षण सिकाइ अनुदान शिक्षक सम्बन्धमा

प्रस्ताव नं ११ कृषि उपज संकलन केन्द्र सहित कृषि एम्वुलेन्स सेवा व्यवस्थापन तथा सञ्चालन कार्यविधि २०७९ सम्बन्धमा।

प्रस्ताव नं १२ विविध।

मिति २०८०।०१।१२ गतेको कार्यपालिका बैठकका निर्णयहरुः

निर्णय नं १ आधारभूत तथा माध्यमिक शिक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९ अनुसार गाउँ शिक्षा समितिको मिति २०७९।१२।२९ गतेको निर्णय तथा गाउँ कार्यपालिकाको मिति २०८०।१।१२ गतेको निर्णयानुसार शैक्षिक सत्र २०८० देखि निम्नानुसारका कक्षा र तह सञ्चालन गर्ने गरी अनुमति प्रदान गर्ने।

तपसिल

| क्र.स. | विद्यालयको नाम | ठेगाना | कक्षा | प्रकार | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री लिटिल एन्जल स्कुल राप्ती | राप्ती-१ भालुवाङ,पुलचोक | ११ | संस्थागत | अनुमति प्रदान गर्ने |
| २ | श्री उज्यालो भविष्य शिक्षा सदन | राप्ती-१ पाखापानी | ५ | संस्थागत | अनुमति प्रदान गर्ने |
| ३ | श्री गोरखा आइडियल स्कूल | राप्ती-२ लालमटिया | १० | संस्थागत | अनुमति प्रदान गर्ने |
| ४ | श्री पब्लिक एजुकेशन एकेडमी | राप्ती-२ बराखुट्टी | ११ | संस्थागत | अनुमति प्रदान गर्ने |
| ५ | श्री इन्द्रेणी इङ्लिस बोर्डिङ स्कुल | राप्ती-६ पत्थरगढवा | ७ | संस्थागत | अनुमति प्रदान गर्ने |
| ६ | श्री जनता आ.वि. करङ्गेकोट | राप्ती-५ करङ्गेकोट | ९ | सामुदायिक | अनुमति प्रदान गर्दा चालु आ.व. २०७९/८० को वैशाख जेठ र असार महिनासम्मको ४ जना शिक्षक व्यवस्थापनका लागि शिक्षा तर्फको विद्यालय अनुगमन शीर्षकमा रहेको रकमलाई रकमान्तर गरी शिक्षक व्यवस्थापन गरी अनुमति प्रदान गर्ने |
| ७ | श्री ज्ञानोदय मा.वि. | राप्ती-६ पत्थरगढवा | ११ | सामुदायिक | अनुमति प्रदान गर्ने |

निर्णय नं २ राप्ती गाउँपालिकाभित्रका सामुदायिक विद्यालयमा स्वीकृत दरबन्दीका शिक्षक,राहत अनुदान शिक्षक, गाउँपालिका अनुदान शिक्षकको दरबन्दी मिलान सम्बन्धी कार्य गर्न राजनैतिक दल,शिक्षकका पेशागत संघ संगठन, गाउँ शिक्षा समिति लगायतका शिक्षासँग सरोकार राख्ने सबैसँग मिति २०८० माघमहिनाबाट प्रक्रिया अगाडी बढाउने।

निर्णय नं ३ सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि, सिकाइ उपलब्धी अभिवृद्धि र कुशल रुपमा विद्यालयहरुको व्यवस्थापनका लागि आधारभूत तथा माध्यमिक शिक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७९, प्रचलित शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९ संशोधनसहितको व्यवस्था, र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिधिभित्र रहि अन्य उपयुक्त कार्यविधिको तयारी गरी सामुदायिक विद्यालयको प्रधानाध्यापक नियुक्ति प्रक्रिया अगाडी बढाउने र प्रधानाध्यापकसँग कार्यसम्पादन करार गर्ने।

निर्णय नं ४ सामुदायिक विद्यालयको नतिजा र गुणस्तरको सन्दर्भमा पटक-पटक सरोकारवालाहरुबाट प्रश्न उठेको र सामुदायिक विद्यालयहरुको नतिजासमेत अपेक्षित रुपमा हासिल हुन नसकेको सन्दर्भमा नतिजा र गुणस्तर सुधारका लागि सामुदायिक विद्यालयहरुबाट स्पष्ट कार्य योजना निर्माण गरी मिति २०८०।०२।१० गतेभित्र गाउँपालिकामा पेश गर्न विद्यालयहरुलाई निर्देशन दिने।

निर्णय नं ५ राप्ती गाउँपालिका अन्तरगतका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुले राप्ती गाउँपालिकाभित्र र अन्य पालिकामा रहेका संस्थागत विद्यालयहरुमा लगानी गरी सञ्चालक समिति/कार्यकारिणी समितिमा समेत बस्ने गरेको भन्ने गुनासो र सुचना प्राप्त भएकोले शिक्षकहरुले कुन विधि, कानून र नियममा आधारित भई त्यस्तो लगानी गरेका हुन ? लगानी गरी सञ्चालक समिति, कार्यसमितिमा समेत बस्ने कानूनी आधार र कुन-कुन निकायबाट अनुमति वा सहमति लिई त्यस्तो क्रियाकलापमा संलग्न भएका हुन ? सामुदायिक विद्यालयमा कार्यरत रहिरहने तर संस्थागत विद्यालयमा लगानी गरी सञ्चालक समितिमा रहँदा स्वार्थको द्धन्द सिर्जना हुन सक्ने अवस्था विद्यमान रहने देखिएकोले नियमानुसार कारबाहि प्रक्रिया अगाडी बढाउने र आगामी दिनमा त्यस्तो अवस्था देखिएमा प्रचलित कानून बमोजिम कारबाही गर्ने गरी प्रक्रिया अगाडी बढाउने।

निर्णय नं ६ सामुदायिक तथा संस्थागत विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरु प्रत्यक्ष रुपमा सामुदायिक वन,खानेपानी तथा सरसफाईसँग सम्बन्धित संघसंस्था, सहकारी, बैक तथा वित्तीय संस्था, विभिन्न उपभोक्ता समिति लगायतका विभिन्न संघसंस्थाका कार्य समितिभित्र रही पठनपाठन तथा शिक्षण सिकाइ जस्तो मुख्य कार्यलाई प्रत्यक्ष अप्रत्यक्ष असर हुने गरी संलग्न हुने गरेको देखिएकोले अव उप्रान्त कानूनले निर्धारण गरे बाहेक उल्लेखित प्रकारका सेवामा बहाल रहेका शिक्षकहरुलाई त्यस्ता कार्यमा संलग्न हुन बन्देज गर्ने। गाउँपालिकाभित्रका विद्यालयमा कार्यरत शिक्षकहरु त्यस्तो कार्यमा संलग्न भएको पाइएमा प्रचलित कानून बमोजिम कारबाही प्रक्रिया अगाडि बढाउने ।

शिक्षा ऐन २०२८ संशोधनसहितको दफा १६(ङ)(५) बमोजिम देहायको अवस्थामा शिक्षक वा कर्मचारीलाई पदबाट हटाइनेछ ।

क. पदिय दायित्व पुरा नगरेमा

ख. विना सूचना लगातार १५ दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा

ग. विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा

घ. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा

ङ. सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीले कार्यलय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य व्यावसायिक क्रियाकलाप गरेमा

च. शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाइएमा (कार्यकारिणी समिति भन्नाले केन्द्रियस्तर, प्रदेशस्तर, जिल्लास्तर र स्थानीयस्तरको कार्यकारिणी समिति सम्झनुपर्छ ।)

निर्णय नं ७ सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुले अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।

निर्णय नं ८ राप्ती गाउँपालिकाका सबै वडाका सबै टोलहरुका निरक्षर व्यक्तिहरुलाई साक्षरता गराउने उद्देश्यका साथ २ महिना अवधीको साक्षरता अभियान कार्यक्रम संघीय सरकार शिक्षा तर्फ प्राप्त विशेष अनुदान रकम मध्येबाट ३० वटा केन्द्रमा सञ्चालन गर्ने । ३० वटा केन्द्रमा साक्षरता कक्षा सञ्चालनका लागि प्रत्येक वडाले सम्बन्धित साक्षरता स्वयमसेवक कम्तिमा १२ कक्षा उत्तिर्ण गरेका महिलालाई प्राथमिकतामा राख्ने गरी सूचना प्रकाशन गर्ने र अभियान कै रुपमा सञ्चालन गर्ने । स्वयसेवकको प्रति महिना ६००० का दरले २ महिनाको १२०००।- हजार खाजा खर्च स्वरुप एकमुष्ट रकम प्रदान गर्ने ।

निर्णय नं ९. शैक्षिक सत्र २०८० देखि प्रत्येक संस्थागत विद्यालयले निम्नानुसारको छात्रवृत्ति प्रदान गर्न विद्यालयहरुलाई निर्देशन दिने ।

संस्थागत विद्यालय सञ्चालन तथा व्यवस्था निर्देशिका २०६९ को परिच्छेद ६ बमोजिम निम्नानुसारको छात्रवृत्ति प्रदान गर्नेः

१. विद्यालयमा प्रत्येक कक्षामा प्रथम र द्धितिय हुने विद्यार्थीलाई क्रमशः सतप्रतिशत र पचास प्रतिशत शुल्क मिनाह गरी जेहेन्दार छात्रवृत्ति उपलब्ध गराउनुपर्ने

२. संस्थागत विद्यालयहरुले कुल विद्यार्थी संख्याको कम्तिमा १० प्रतिशतमा नघटाई जेहेन्दार, विपन्न, असहाय तथा गरिब, अपाङ्ग, महिला, दलित, जनजाती, द्धन्द पिडित र सहिद परिवारका विद्यार्थीलाई समावेशी आधारमा छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

३. छात्रवृत्ति कोटाका लागि विद्यालयले विद्यार्थी भर्नासँगै छात्रवृत्तिका लागि सूचना प्रकाशन गर्नुपर्नेछ । त्यसरी निवेदन दिने विद्यार्थीहरुको परीक्षा लगायतका प्रकृया पुरा गरी छात्रवृत्तिमा भर्ना हुने विद्यार्थी

छनोट गर्नुपर्नेछ। उक्त प्रक्रियामा समावेश भई छनोटमा परेका मध्ये गाउँपालिका छात्रवृत्ति बैंकमा ३४ प्रतिशत कोटा छुट्याई विद्यालयले ६६ प्रतिशत कोटाका लागि मात्र छात्रवृत्तिमा विद्यार्थी भर्ना गर्नुपर्नेछ।

४. अपाङ्ग, द्धन्द पिडित र सहिद परिवारका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्दा गाउँपालिकाको सिफारिस अनिवार्य रुपमा लिनुपर्नेछ।

५. कुनै एक प्रकारको छात्रवृत्ति पाईरहेको विद्यार्थीलाई अर्को छात्रवृत्ति उपलब्ध गराइने छैन। विद्यालय र गाउँपालिकाले छात्रवृत्ति वितरण गर्दा निम्नानुसार आधार अबलम्बन गर्नुपर्नेछ

   क. जम्मा कोटा मध्ये ५५ प्रतिशत खुला

   ख. जम्मा कोटा मध्ये ४५ प्रतिशत समावेशी समूहमा विभाजन गर्ने। ४५ प्रतिशतलाई १०० प्रतिशत मानि निम्नानुसार विभाजन गर्ने(महिला-३३, जनजाती-२७, मधेशी-२२, दलित-९, अपाङ्ग-५ र पिछडिएको क्षेत्र-४ प्रतिशत। यस प्रयोजनको लागि पिछडिएको क्षेत्र भन्नाले राप्ती गाउँपालिका ९ नं, ५ नं को पहाडी भाग , २ को पहाडी भाग, १ को पहाडी भाग )

६ विद्यालयले छात्रवृत्ति पाउने विद्यार्थीहरुको नामावली शैक्षिक सत्र शुरु भएको दोस्रो महिनाको १५ गतेभित्र गाउँपालिकामा अभिभावक र विद्यार्थीको जानकारी गराउनुपर्नेछ र विद्यालयको सूचना पाटीमा टाँस गरिएको हुनुपर्नेछ।

७ शैक्षिक सत्रको वीचमा भर्ना हुने छात्रवृत्तिको समयमा निवेदन पेश नगर्ने विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउन विद्यालय बाध्य हुनेछैन।

८ गाउँपालिकाले तोके अनुसारको छात्रवृत्ति वितरण भए नभएको अनुगमन गर्नेछ। त्यसरी छात्रवृत्ति वितरण नगर्ने विद्यालयलाई नियमानुसारको कारबाही गर्नुका साथै सरकारी तवरबाट उपलब्ध हुने सेवा सुविधा र सहुलियतबाट वञ्चित गरिनेछ।

निर्णय नं १०: विद्यालयहरुमा संघीय सरकार शिक्षण सिकाई अनुदान तर्फका गणित विज्ञान र अंग्रेजी विषयमा कार्यरत शिक्षकहरु कुनै कारणबाट उक्त पदबाट राजिनामा दिएमा तोकिएको विद्यालयमा रहेको उक्त अनुदानमा सामुदायिक विद्यालयमा बाल विकास शिक्षादेखि कक्षा १० सम्म निःशुल्क शिक्षा कार्यान्वयन सम्बन्धी कार्यविधि २०७९ को नियम १ को (ङ) बमोजिम संघीय सरकार र प्रदेश सरकारबाट अनुदान रकम प्राप्त भएमा यस कार्यविधि बमोजिम नियुक्ति भएका कर्मचारीलाई प्राथमिकतामा राख्न पहल गर्ने बुँदालाई मध्यनजर राखी सबै सामुदायिक विद्यालयमा त्यसरी रिक्त हुँदा गणित विज्ञान र अंग्रेजी विषयमा तीन विषय मध्ये विद्यालयमा नभएको उल्लेखित तीन विषयको शिक्षकलाई प्राथमिकतामा राखि नियुक्तिको निरन्तरता प्रदान गर्ने र म्याद थप गर्दा अनुदान तर्फ थप गर्ने।

निर्णय नं ११ : कृषि उपज संकलन केन्द्र सहित कृषि एम्बुलेन्स सेवा व्यवस्थापन तथा सञ्चालन

कार्यविधि २०८० स्विकृत गर्ने ।

निर्णय नं १२: प्रदेश सशर्त अनुदान कार्यक्रम  अन्तरगत कुलबुट (सानो कोल्ड स्टोर) निर्माणका लागि सिसहनिया बजारमा रहेको श्री नर्ति सामुदायिक वन वातावरण बहुउद्देश्यीय सहकारी संस्था लि. लमही देउखुरी दाङ, २नं वडा लालमटियामा रहेको श्री इच्छुक स्मृती कृषि सहकारी संस्था लि. लालमटिया र राप्ती गाउँपालिका वडा नं ६ स्थित नव प्रतिभा कृषि सहकारी संस्था लि. बगरापुर मार्फत ७५ % अनुदान वा प्रति आयोजना वढीमा रु. ७ लाख अनुदान सहयोग  गर्ने।

निर्णय नं १३: पहाडि भेगका किसानहरुका लागि निशुल्क अदुवा / बेसार वितरण ढुवानी सहित तथा तालिम   कार्यक्रम वडा नं १ को पहाडी क्षेत्रमा संचालन गर्ने।

निर्णय नं.१४– राप्ती गाउँपालिकाको अस्पताल तथा स्वास्थ्य संस्थाहरु स्थापना व्वस्थापन कार्यविधि २०७९-संसोधन २०८० स्विकृत गर्ने ।